# Climate and Development Dialogue को आग्रह

## १६औं योजनामा जलवायु कार्यक्रमको मूलप्रवाहीकरण

Climate and Development Dialogue (C&D Dialogue) नेपालमा जलवायु परिवर्तन र विकासको क्षेत्रमा काम गर्ने ११ वटा नागरिक समाज संस्थाहरूको समूह हो । पछिल्लो समय यो संवादले राष्ट्रिय जलवायु परिवर्तन नीति (NCCP) २०१९, राष्ट्रिय तहमा निर्धारित योगदान (NDC) २०२० जस्ता जलवायु परिवर्तनसम्बन्धी नीति निर्माण प्रक्रियामा सघाइरहेको छ ।

जलवायु परिवर्तन विश्वकै प्राथमिकताको विषय हो । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि, संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य र अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूको पक्षराष्ट्रका रूपमा नेपाल जलवायु सङ्कट सम्बोधन गर्न प्रतिबद्ध छ । संयुक्त राष्ट्र सङ्घमा पेस गरिएका राष्ट्रिय तहमा निर्धारिते योगदान, राष्ट्रिय अनुकूलन योजना र दिगो विकास लक्ष्यहरूमा जलवायु परिवर्तनसम्बन्धी देशको प्रतिबद्धता र प्राथमिकताहरू उल्लेख छन् ।

नेपाल विश्वकै सबै भन्दा अग्लो हिमाल भएको मुलुक हो । यहाँ पर्वतीय शृङ्खला पनि प्रशस्त छन् । नेपालको यस्तो विशिष्टतालाई ख्याल गर्दै हिमाली क्षेत्रमा पर्ने जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्नु जरुरी छ । हिउँ र हिमनदी द्रुत गतिमा पग्लने, खडेरी, बिस्थापन, भूउपयोगमा आएको परिवर्तन र जीविकोपार्जनमा पुगेको क्षति जस्ता प्रभाव बढिरहेका छन् । जसबाट जल उत्पन्न प्रकोपहरू वृद्धि भएका छन् भने जैविक विविधतामा पनि ह्रास आइरहेको छ । जसलाई न्यून गर्न ध्यान पुऱ्याउनु जरुरी छ ।

यस परिप्रेक्ष्यमा संवादले देशको १६औं योजनाको विकास प्रक्रियालाई नजिकबाट नियालिरहेको छ । जसमा जलवायु कार्यक्रम (एजेन्डा) प्राथमिकतामा नपर्नुले गहिरो चिन्ता निम्त्याएको छ । एकातिर देशका विभिन्न क्षेत्रमा जलवायु सङ्कटको प्रभाव बढ्दो छ भने अर्कोतर्फ यो योजनाको अवधारण पत्रले यही विषयलाई प्राथमिकता दिन नचाहनु निश्चय पनि दुःखदायी छ । जसबाट नेपालले कठिनपूर्वक हासिल गरेका विकासका उपलब्धि मात्र नभई सर्वसाधारणको जीविकोपार्जनसमेत धरापमा परेका छन् ।

यसर्थ, राष्ट्रिय योजना आयोग हाल १६औं योजनाको मस्यौदा तयार गर्ने प्रक्रियामा रहेकाले सि एन्ड डि संवाद निम्न विषयमा आयोगको ध्यानाकर्षण गराउन चाहन्छ :

१. **जलवायु न्याय** : जोखिममा परेका समुदाय, आदिवासी जनजाति, महिला, अपाङ्गता र जलवायु प्रभावको उच्च जोखिमयुक्त क्षेत्रका बासिन्दालाई संरक्षण गर्न र यससँग सम्बन्धित स्रोत र लाभहरूको

निष्पक्ष वितरण सुनिश्चित गरी उनीहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्न जोड दिनुपर्छ । यसो गर्दा समता, समावेशिता, सामाजिक न्याय र दिगो विकासलाई बिर्सनुहुन्न ।

२. **१६औं योजनालाई NDC र NAP का प्राथमिकताहरूसँग जोड्ने :** नेपाल सरकारले तयार पारेको NDC (राष्ट्रिय तहमा निर्धारित योगदान) र NAP (राष्ट्रिय अनुकूलन योजना) ले नेपालको कार्बन न्यूनीकरण र अनुकूलन कार्यलाई प्राथमिकता दिएको छ । NDC सन् २०३० सम्म कार्यान्वयनमा रहने भनिएको छ भने NAP कार्यान्वयनको अवधिचाहिँ २०५० सम्म छ । १६औं योजनाका जलवायु कार्यहरूलाई एनडिसी र एनएपी प्राथमिकताहरूसँग मिलाइएन भने यससम्बन्धी राष्ट्रिय प्रतिबद्धताहरू हासिल हुन कठिन हुन्छ । त्यति मात्र हैन, योजनाले एनडिसी र एनएपीले प्राथमिकता दिएका कार्यहरू कार्यान्वयनका लागि आवश्यक बजेटसमेत विनियोजन गर्नु आवश्यक छ ।

३. **अनुकूलन :** जलवायुसम्बन्धी जोखिम न्यूनीकरणका लागि अनुकूलन उच्च प्राथमिकता हो । जलवायु परिवर्तनको जोखिममा रहेका विभिन्न क्षेत्रमा धेरै अनुकूलन पहल भइरहेका छन् । स्थानीय अनुकूलन कार्ययोजना (लापा) राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमै व्यापकरूपमा प्रशंसित जलवायु अनुकूलन पहल हो । यसैबीच, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) जस्ता अन्य पहल पनि स्थानीय स्तरमा लागु भइरहेका छन् । १६औं योजनाले स्थानीय सरकारका स्रोत/साधनको अधिकतम उपयोगका लागि यस्ता पहलहरुलाई पनि एकीकृत गर्दै लैजानुपर्छ ।

४. **ऊर्जा रुपान्तरण :** नेपालले सन् २०४५ सम्ममा दिगो रुपमा उत्सर्जन घटाउन र खुद शून्य उत्सर्जन (Net-zero emission) हासिल गर्नका लागि ऊर्जा रुपान्तरण महत्वपूर्ण छ । त्यसैले १६औं योजनाले देशको जलविद्युत् र सौर्य ऊर्जाको अपार क्षमतालाई सदुपयोग गरी नवीकरणीय ऊर्जामा जोड दिनुपर्छ । यसरी नै खनिज इन्धन आयातब घटाउन योजनाबद्धरूपले अघि बढ्नु पनि आवश्यक छ । ऊर्जा रुपान्तरण न्याय र मानव अधिकारको सिद्धान्तमा आधारित हुनुपर्छ । यसबाहेक, योजनाले नवीकरणीय ऊर्जाबाट हुने कार्बन क्रेडिट (कार्बन उत्सर्जन जोगाइदिएबापत आउने पैसा) बाट लाभान्वित हुने संयन्त्र तयार गर्न आवश्यक छ ।

५. **हानि र नोक्सानी :** जलवायु प्रकोपका बढ्दो घटनाहरूले मानव जीवन र जीविकोपार्जन, पूर्वाधार, संस्कृति, सम्पदा र अन्य धेरै क्षेत्रमा क्षति र नोक्सान पुऱ्याइरहेको छ । यसबाट बिस्थापन र बसाइँ सराइसमेत बढ्दै गएको छ । अझ हिमताल बिष्फोट भइ आउन सक्ने बाढी, मरुभूमीकरण जस्ता ढिलो सुरु हुने प्रकोपहरूबारे त पर्याप्त अध्ययनसमेत भएको छैन । योजनाले ढिलो सुरु हुने प्रकोपको जोखिमलाई न्यूनीकरण गर्नेखालका कार्यक्रममा पनि ध्यान दिन आवश्यक छ । राष्ट्रिय तहमा निर्धारित योगदानमा व्यवस्था भएबमोजिम हानि र नोक्सानी रणनीतिलाई पनि योजनामा प्रतमिकता दिनुपर्छ ।

६. **संस्था निर्माण :** बढ्दो जलवायु प्रकोप र त्यसबाट सिर्जित समस्याहरू सम्बोधनका लागि सङ्घीय, प्रादेशिक र स्थानीय स्तरहरूमा समर्पित संस्थाहरू आवश्यक हुन्छन् । त्यसैले योजनाले जलवायु

परिवर्तन अनुसन्धान केन्द्र स्थापनालाई प्राथमिकता दिनुपर्छ जुन राष्ट्रिय जलवायु परिवर्तन नीतिमै उल्लेख छ । यस्तो निकाय सङ्घीय स्तरमा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा र प्रदेश स्तरमा योजना तथा नीति आयोगको नेतृत्वमा गठन गर्नु उचित हुन्छ जसमा बहुसरोकारवाला अट्न सकून ।

७. **पारदर्शिता र जवाफदेहिता ढाँचा :** नेपालले व्यक्त गरेका प्रतिबद्धताहरूको प्रगती मापन गर्न NDC र NAP तथा जलवायु वित्तको आवधिक अनुगमन र मूल्याङ्कन आवश्यक हुन्छ । त्यसैले योजनाले जलवायु परिवर्तनमा पारदर्शिता र जवाफदेहिता ढाँचा विकास गर्नेतर्फ ध्यान दिनुपर्छ ।

८. जलवायु परिवर्तनले हानि पुऱ्याउने क्षेत्र धेरै छन् जसलाई अनुकूलन उपायहरूमार्फत सम्बोधन गर्न सकिन्छ । यसका लागि योजनाले क्षेत्रगत नीति र योजनाहरूमा जलवायु परिवर्तनलाई एकीकृतरूपमा अघि बढाउन आवश्यक छ ।

९. नेपालले जलवायु परिवर्तनका कारण सिर्जित समस्या सम्बोधनका लागि स्रोतका रूपमा ऋण भन्दा अनुदानलाई प्राथमिकता दिनुपर्छ । योजनाले हरित जलवायु कोष (GCF) लगायत अन्य जलवायु कोषहरूतर्फ ध्यान केन्द्रित गर्नुपर्छ, जलवायु वित्तको पहुँचका लागि ।

१०. नेपाल सन् २०२६ मा अति कम विकसित राष्ट्रबाट बढुवा हुँदैछ । यो बढुवासँगै नेपालले अन्तर्राष्ट्रिय फोरममा राम्रो प्रदर्शन गर्नका लागि वार्तालाप सिप बढाउनुपर्छ जस्तैः जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (UNFCCC) । तसर्थ, १६औं योजनाले राष्ट्रको बढुवासँग, नेपाललाई अन्तर्राष्ट्रिय मञ्चका लागि तयार पार्न विशेष कार्यक्रम बनाउनुपर्छ ।

माथिका १० बुँदा नेपालले हाल सामना गरिरहेको जलवायु समस्या सम्बोधन गर्न र अन्तर्राष्ट्रिय प्रक्रियाहरूबाट लाभान्वित हुने नेपालको अवसरहरूलाई अनुकूलन गर्नका लागि आवश्यक छन् । तसर्थ, जलवायु र विकास संवाद राष्ट्रिय योजना आयोगलाई १६औँ योजना दस्ताबेजमा यी बुँदा सम्बोधन गर्न आग्रह गर्छ । साथै, संवाद यी बुँदा कार्यान्वयन गर्न नेपाल सरकार र राष्ट्रिय योजना आयोगसँग मिलेर काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछ ।

**धन्यवाद !**